नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत पत्र प्राप्त संस्था
(तीन जिल्ला कार्यक्षेत्र भएको)

# Mission Development Bank Ltd.
# मिसन डेभलपमेन्ट बैंक लिमिटेड

... towards prosperity

दुर्गामन्दीर लाईन, बुटवल, रुपन्देही, फोन नं ०७१-५५१५८६, ०७१-५५१५८७, फ्याक्स ०७१-५५१५८५
Email : info@missionbanknepal.com.np, website: www.missionbanknepal.com.np

को

## संस्थापक/सर्वसाधारण समूहको हकप्रद शेयर लिलाम बिक्रीको शिलबन्दी बोलपत्र आव्हानको सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति: २०७४/०१/२८**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७४/०२/०४**

यस मिसन डेभलपमेन्ट बैंक लिमिटेडको मिति २०७३/१२/०३ देखि २०७४/०१/०६ गतेसम्म हकप्रद शेयरको बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा संस्थापक/सर्वसाधारण समूहको शेयर बाँडफाँड भई बाँकी रहेको कूल ४,१९,७३० कित्ता शेयर प्रचलित नियम कानून तथा धितोपत्र निष्काशन निर्देशिका, २०६५ को दफा ७ को उपदफा (८) समेतको प्रावधानको अधिनमा रहि उक्त शेयरहरु बोलकबोल बढाबढ गरी बिक्री गर्न यस विकास बैंकको संचालक समितिको निर्णयानुसार उक्त शेयर खरिद गर्न इच्छुक व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले मिति २०७४/०२/०४ गतेभित्र बिक्री प्रबन्धक श्री भिवोर क्यापिटल लिमिटेड, कृष्णगल्ली, ललितपुर वा मिसन डेभलपमेन्ट बैंक लिमिटेड, केन्द्रीय कार्यालय, बुटवल-८, रुपन्देहीमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

| | |
|---|---|
| संस्थापक शेयर | : ३,२४,५५६ |
| सर्वसाधारण शेयर | : ९५,१७४ |
| जम्मा शेयर संख्या | : ४,१९,७३० |

**शर्तहरुः**

१. बोलपत्र आवेदन फाराम रु. १००/- भुक्तानी गरी बिक्री प्रबन्धक श्री भिवोर क्यापिटल लिमिटेड, कृष्णगल्ली, ललितपुर वा मिसन डेभलपमेन्ट बैंक लिमिटेडको केन्द्रीय कार्यालय, बुटवलबाट प्राप्त गर्न सकिनेछ । एक व्यक्तिले एक भन्दा बढी बोलपत्र पेश गर्न पाउने छैन । यदि एक व्यक्तिले एक भन्दा बढी बोलपत्र आवेदन पेश गरेमा सम्पूर्ण आवेदन रद्द गरिने छ ।

२. बोलपत्र आवेदन फाराममा आफुले लिन चाहेको शेयर कित्ताको दर रेट अंक र अक्षरमा स्पष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरले लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ । धेरै केरमेट भई कबोल गरेको मूल्य रकम नबुझिने भएमा सो आवेदन फारामलाई मान्यता दिइने छैन ।

३. बोलपत्र खरिदका लागि मूल्य प्रति शेयर रु. १००/- तोकिएको हुँदा सो वा सोभन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ ।

४. शेयर खरिदको लागि बोलकबोल गर्दा न्यूनतम १०० कित्ताको लागि आवेदन दिनुपर्नेछ भने अधिकतम शेयर संख्याको लागि कुनै हद लाग्ने छैन । तर शेयर खरिद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नेपाल राष्ट्र बैंकले एउटा व्यक्ति वा संस्थाले खरिद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ ।

५. संस्थापक शेयरको लागि आवेदन दिंदा संस्थापक समूहका शेयरधनीहरुले मात्र दिनुपर्नेछ । साथै आवेदकले शिलबन्दी खाम बाहिर संस्थापक तर्फको शेयरको लागि आवेदन गर्दा **"श्री मिसन डेभलपमेन्ट बैंक लिमिटेडको संस्थापक शेयर खरिद आवेदन"** र सर्वसाधारण तर्फको शेयरको लागि आवेदन गर्दा **"श्री मिसन डेभलपमेन्ट बैंक लिमिटेडको सर्वसाधारण शेयर खरीद आवेदन"** उल्लेख भएको हुनुपर्नेछ ।

६. शेयर आवेदन फाराम नेपाली र अंग्रेजी दुवै भागमा पूर्ण रुपले भर्नु पर्ने छ साथै Demat खाता नम्बर तथा आफ्नो खाता रहेको बैंक र बैंक खाता नम्बर स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

७. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम श्री भिवोर क्यापिटल लिमिटेड को नाममा भिवोर सोसाइटी डेभलपमेन्ट लि., त्रिपुरेश्वर काठमाडौंमा रहेको खाता नं. ०३१००१२०००४१०२०००००२ मा वा मिसन डेभलपमेन्ट बैंक, बुटवलमा रहेको खाता नं. १००१L००११०००७३२ जम्मा गरी सो को सक्कल भौचर वा श्री भिवोर क्यापिटल लि. को नाममा खिचिएको Nepal Clearing House को सदस्यता प्राप्त बैंक तथा वित्तीय संस्थाको Good for Payment Cheque चेक संलग्न गरि आवेदन दिनु पर्नेछ । Good for Payment Cheque गर्दा लाग्ने तथा चेक क्लियरिङ्ग गर्दा लाग्ने शुल्क आवेदक स्वयंले नै व्यहोर्नु पर्नेछ ।

८. सबैभन्दा बढी बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यसपछिको बढी कबोल गर्नेलाई बिक्री गरिनेछ । बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँट गरिनेछ । शेयर विक्री गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा निहित रहनेछ ।

९. शेयरको आवेदन मिति २०७४/०२/०४ गते अपरान्ह ३:०० बजे भित्र श्री भिवोर क्यापिटल लिमिटेड, कृष्णागल्ली, ललितपुरमा वा मिसन डेभलपमेन्ट बैंक लिमिटेड, केन्द्रीय कार्यालय, बुटवल-८, रुपन्देहीमा दर्ता भईसक्नु पर्नेछ ।

१०. बोलपत्र मिति २०७४/०२/०७ गते दिउँसो ३:०० बजे कम्पनीको बिक्री प्रबन्धकको कार्यालय भिवोर क्यापिटल लिमिटेड, कृष्णगल्ली ललितपुरमा बोलपत्रवाला वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिने छ । बोलपत्रवाला वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा कार्यालय खुलेको दिनको ३:०० बजे खोलिनेछ ।

११. म्याद नाघि आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन ।

१२. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संस्था, कम्पनी हुनु पर्नेछ । आवेदक व्यक्ति भएमा १ प्रति फोटो सहित आवेदकले प्रमाणित गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी भएमा दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा शेयर खरिद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि तथा अख्तियारनामा पेश गर्नु पर्नेछ । साथै उल्लेखित BOID प्रमाणित हुने कागजात समेत समावेश गर्नुपर्नेछ । संस्थापक शेयरको लागि आवेदन दिंदा कालो सूचिमा नपरेको प्रमाण पेश गर्नुपर्नेछ ।

१३. बोलपत्र आवेदकहरु मध्ये बोलकबोलमा नपरेको आवेदकहरुले धरौटी बापत जम्मा गरिएको रकम बोलपत्र खोली शेयर बाँडफाँट भएको दिनको सातौं कार्य दिन पश्चात श्री भिवोर क्यापिटल लिमिटेड, कृष्णगल्ली, ललितपुरबाट एकाउन्टपेयी चेक मार्फत अथवा IPS प्रणालीद्वारा सिधै आवेदकको दरखास्त फाराममा उल्लेखित बैंक खातामा फिर्ता भुक्तानी गरिने छ । साथै सो रकममा कुनै किसिमको ब्याज प्रदान नगरिने व्यहोरा पनि जानकारी गराइन्छ ।

१४. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रबन्धक तथा कम्पनीको Website:www.viborcapital.com, www.missionbanknepal.com.np मा हेर्न सक्नुहुने छ ।

**शेयर बिक्री प्रबन्धक**

VIBOR
भिबोर क्यापिटल लि.
VIBOR CAPITAL LTD.

## भिबोर क्यापिटल लिमिटेड

कृष्णगल्ली, पाटन ललितपुर, फोन: ०१-५५५४७९३/५००५५४२